**समाज अन्वेषण** वर्ष–२, अङ्क–१, पूर्णाङ्क–३, २०८१ वैशाख–असोज
DOI: https://doi.org/10.3126/anweshan.v2i1.68570
Research Article
ISSN ; 3021-9035 Print

# नेपालको सन्दर्भमा राजनीतिक परिवर्तन र समाज विकासका आयामहरू

डा. देवीप्रसाद पौडेल
devipoudel1@yahoo.com

## लेखसार

नेपालको राजनीतिक परिवर्तन र समाज विकासका आयामहरूको बारेमा यो लेख तयार पारिएको छ। यस लेखको मूल उद्देश्य राजनीतिक परिवर्तनले समाजमा सृजना भएको अवस्थाको लेखाजोखा गर्नु, समाज विकासमा राजनीतिक प्रभावको पहिचान गर्न, नेपालमा नागरिक समाज र यसको भूमिका, वर्तमान अवस्थामा देखा परेका सामाजिक समस्याहरूको पहिचान एवं विश्लेषण गर्नु रहेको छ । यस लेखमा नेपालको समाज विकासका विभिन्न आयामहरूको बारेमा छलफल र विश्लेषण गरिएको छ। यो लेख वर्णनात्मक तथा गुणात्मक प्रकृतिको छ। सङ्क्षेपमाभन्दा सामाजिक परिवर्तनमा नागरिक समाजको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। प्रत्येक समाज निरन्तर गतिशील हुन्छ। राजनीतिक परिघटनाले सिङ्गो समाज प्रभावित हुन्छ। समाजलाई खास मूल्यमान्यताले चलाउने प्रयास भइरहेको हुन्छ। साझा उद्देश्यहरू पूरा गर्न समाजको एउटै मत रहेको हुन्छ । समाजमा उत्पन्न विकृति र विसङ्गतिहरूको अन्त्य गर्न र सभ्य समाजको निर्माणमा राजनीतिले नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। राजनीतिक परिवर्तनले मात्र समाज रूपान्तरण हुने होइन, यसका लागि राजनीतिक विचार, योजना तथा त्यसको उचित व्यवस्थापन र कार्यान्वयन आवश्यक हुन्छ।

## शब्दकुञ्जी

सामाजिकीकरण, समावेशीकरण, उन्नत समाज, दिगो सामाजिक विकास, आदिम समाज।

## विषय प्रवेश

मानव सभ्यताको विकास विभिन्न कालखण्डमा विभिन्न अवस्था हुँदै गुज्रिदै आइरहेको छ। आधुनिक मानव समाजको उद्भव र विकासलाई आधार मान्दा आजभन्दा एक लाख वर्ष पहिले आधुनिक मानव जाति (होमो–सेपियन्स) को विकास भएको थियो। यद्यपि त्यसभन्दा अगाडिका मानव जातिबाट नै समाजको संरचनाको सृष्टि भइसकेको थियो (मिश्र,२०६३,पृ.३७)। प्रत्येक समाजमा सामाजिकीकरणको प्रक्रिया चलिरहेको हुन्छ। यसले कुनै पनि समाजका मूल्यमान्यता, परम्परा, संस्कृतिको सिकाइ प्रक्रियालाई निरन्तरता दिएको हुन्छ। तर सामाजिक मूल्यमान्यता, संस्कार, संस्कृति तथा परम्परा प्रत्येक समाजअनुसार फरकफरक हुन्छ। उदाहरणको लागि अफ्रिकन समाज र नेपाली समाज स्वभावैले फरक संस्कृति र परम्पराले बाँधिएका हुन्छन्। त्यस्तै अन्य क्षेत्रको समाज पनि फरक फरक हुने गर्दछ। यद्यपि विश्व समाजको कुरा गर्दा देश तथा महादेशका साझा सवालहरूलाई एउटै विश्वपरिवेशले निर्देशित गरेको हुन्छ। अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले

यसको नेतृत्व गरिरहेका हुन्छन् । आज पनि विश्व समाजमा भौतिक चिन्तन र आध्यात्मिक चिन्तनका दुई धारका वहसहरू चलिरहेका छन्। समाज विकासको क्रम यसैबिच विभिन्न हिसाबले अगाडि बढिरहेको छ। आदिम समाजदेखि आजको आधुनिक समाजसम्म आउँदा यो विश्व परिदृष्यमा समाजलाई उन्नत दिशा दिन, आदर्श समाजको निर्माण गर्न राजनीतिको सुरुवात भयो। यो राजनीतिक विकास दर्शनको आधार मा अगाडि बढ्यो। दर्शन सामाजिक चेतनाका विभिन्न रूपहरूको संश्लेषण हो भने राजनीति चेतनाको स्पष्ट धार हो । समाजलाई दर्शन र राजनीतिले निर्देशित गरेको हुन्छ । त्यसैको आधारमा समाजको विकास भइरहेको हुन्छ। आजको विश्व राजनीति पुँजीवादी र समाजवादी विचार तथा दर्शनका आधारमा अगाडि बढेको देखिन्छ। समाज विकासको सिलसिला निरन्तर भए पनि यो विभिन्न कालखण्डहरूमा कहिले तीव्र र कहिले मन्द हुने गरेको छ। यो विश्वका विभिन्न समाजमा यो परिवर्तन त्यहाँको परिवेश संस्कार र परम्पराअनुसार भिन्नभिन्न हुने गर्दछ । सामाजिक परिवर्तनका तह र आयाम कार्य–कारण सम्बन्धमा गाँसिएका हुन्छन्। एक तहमा भएको परिवर्तन अर्को तहको परिवर्तनको कारण बन्न सक्तछ । यसैका आधारमा समाजका आयामहरूलाई विभिन्न तहमा वर्गीकरण गर्न सकिन्छ। जस्तो– आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, औद्योगिक आदि (मिश्र,२०६७,पृ.१०२)। समाज विकासका आयामहरू आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आदि एकआपसमा अन्तरसम्बन्धित हुन्छन् । एउटाको विकासले अर्को पक्षलाई प्रभाव पारेको हुन्छ। जस्तो– आर्थिक विकासले मानिसको चेतना उसको सामाजिक तथा सांस्कृतिक परिवेश पनि प्रभावित भइरहेको हुन्छ। रस्टो (१९७१, पृ.४) का अनुसार सामाजिक आयामका सन्दर्भबाट हेर्दा समाजलाई पाँच भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। परम्परागत समाज, परिवर्तनका निम्ति पूर्वाधार तयार भइसकेको समाज, परिवर्तित समाज, परिपक्वतातर्फ उन्मुख समाज र आम समुदायले सामाजिक उपलब्धिको उपयोग गरिरहेको समाज आदि । तर वर्तमान परिवेशमा यो अवस्थामा पनि परिवर्तन भइसकेको छ । आजको समाजका समाज विकासका आधारहरू कमजोर बन्दै गइरहेका छन्। डोरबहादुर विष्ट (२०२०, पृ.१४–२३) ले लेखेको पुस्तक 'भाग्यवाद र विकास' मा उल्लेख गरेअनुसार तत्कालीन नेपाली समाज भाग्यवादी चिन्तनबाट निर्देशित थियो र सिङ्गो समाज ठालु वर्गहरूको प्रभावमा थियो। तत्कालीन समाज परम्परावादी प्रकृतिको थियो।

समाजशास्त्रीय दृष्टिकोणअनुसार समाज निरन्तर गतिशील र परिवर्तशील रहन्छ । आजको नेपाली समाज व्यक्तिकरण हुदै गइरहेको छ। हरेक नेपालीको घरमा बाबुआमाले गर्दै आएको पेसा छोडिसकेको अवस्था छ । नेपाली समाज परम्परागत पेसाबाट विमुख हुँदै गइरहेको छ । आजको नेपाली समाजका युवाहरू आफ्नो कर्मको मार्ग आफैँ तयार गर्न थालेका छन्। यी प्रयत्नशील युवाहरू सेल्फ मेड बन्ने हुटहुटीमा छन् । अहिले नेपाली समाजमा आर्थिक, शैक्षिक, सामाजिक र राजनीतिक गुण र विशेषताको आधारमा एउटा नयाँ मध्यम वर्गको उदय भएको छ। विष्टले चित्रण गरेको समाज चाकडीले शिथिल पारेको भाग्यवादी थियो। तर नयाँ पुस्ताले सृजना गरेको समाज कर्ममा विश्वास गर्ने प्रकृतिको छ। अर्कोतर्फ फेरि यिनै नयाँ पुस्ताका युवाहरूमा अन्योलग्रस्त विचार पनि देखिन्छ। जे भए तापनि आजको नेपाली समाजको स्वरूपमा परिवर्तन आएको छ। नेपालको सन्दर्भमा हेर्दा नेपालमा समाज रूपान्तरणका घटनाहरू तीव्र रूपमा विकसित भइरहेका छन्। विश्व व्यापीकरण, श्रमिकको बसाइँसराइ अस्थिर राजनीति र सामाजिक अवस्था आदिले नेपाली समाज अन्योलपूर्ण रूपमा

परिवर्तन भइरहेको छ । यो परिवर्तन पनि अस्थिर प्रकृतिको देखिन्छ। यो लेख यसै परिवेशमा आधारित रहेर तयार पारिएको छ।

यस लेखको मूल उद्देश्य राजनीतिक परिवर्तनले समाजमा सृजना भएको अवस्थाको लेखाजोखा गर्नु, समाज विकासमा राजनीतिक प्रभावको पहिचान गर्न, समाज विकासका आयामहरू, नेपालमा नागरिक समाज र यसको भूमिका तथा वर्तमान अवस्थामा देखा परेका सामाजिक समस्याहरू पहिल्याउनु रहेको छ। यस लेखमा नेपाली समाजको विकास, राजनीतिक अवस्था, राजनीति र समाज विकासको अन्तरसम्बन्ध र राजनीतिक परिवर्तनले समाज विकासमा पार्ने प्रभावका बारेमा उल्लेख गरिएको छ। यो लेख यिनै विषयवस्तुहरूमा सीमित रहको छ।

## *अध्ययन विधि*

यस लेखमा नेपालको राजनीतिक घटनाक्रमहरू र समाज विकासका आधारहरूलाई क्रमबद्ध रूपमा अध्ययन गरेर विश्लेषण गर्ने प्रयास गरिएको छ। यसका लागि विभिन्न ग्रन्थहरूको सहयोग लिइएको छ। प्रस्तुत आलेख द्वितीय स्रोतहरूमा आधारित छ। यो लेख समाज अध्ययन र राजनीतिक घटनाहरूमा आधारित भएकाले आनुभाविक विवरणमा बढी आधारित छ। यो लेख मूलतः वर्णनात्मक प्रकृतिको छ। यसमा गुणात्मक विधिको प्रयोग गरिएको छ। यो लेख तयार गर्न विभिन्न लेख, रचना र अन्तरसञ्जालमा प्राप्त सूचनाहरूलाई पनि आधार मानिएको छ।

यस अध्ययनमा नेपालको सन्दर्भमा समाज विकासका विभिन्न आयामहरूका बारेमा छलफल र विश्लेषण गरिएको छ। साथसाथै नागरिक समाज र यसको भूमिका सामाजिक समस्या, राजनीतिक परिवर्तन र समाजको सम्बन्धका बारेमा विश्लेषण गर्ने प्रयास भएको छ।

## *नागरिक समाज र यसको भूमिका*

सामाजिक र राजनीतिक परिवर्तनमा नागरिक समाजको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालमा २०४६ सालको जनआन्दोलन तथा २०६४ को गणतन्त्र स्थापनाको आन्दोलनमा नागरिक समाजको महत्त्वपूर्ण भूमिका रहेको थियो । नागरिक समाजले राजनीति सुषुप्त भएको अवस्थामा र समाज र राजनीतिलाई सही दिशानिर्देश गर्न यसको भूमिका रहेको देखिन्छ। नागरिक समाजको एउटै सर्वमान्य परिभाषा छैन । सामान्यतः नागरिक समाज गैर राज्य र गैर सरकारी, तल्लो तहबाट सङ्गठित स्वयंसेवी मानिसहरूको समूह वा सङ्गठन हो भन्ने धारणा प्रचलनमा रहेको छ। नागरिक समाजले समाजमा चेतना प्रदान गर्ने कार्य गर्दछ। आधुनिक समाजमा इतिहास, शक्ति, पुँजी र ज्ञानको अत्यधिक रूपमा सञ्चयका लागि व्यक्तिले सञ्चार माध्यम र प्रविधिमाथि हस्तक्षेप गरिहेको हुन्छ (दाहाल र बोन्गार्ज, २०५४, पृ. ६९)। यस्तो अवस्थामा नागरिक समाजले व्यक्तिगत प्रभावलाई न्यूनीकरण गर्ने प्रयास गरिरहेको हुन्छ। नागरिक समाजको क्रमिक विकासले अतिसंस्थावाद, कर्मचारीतन्त्रवाद, आर्थिक निर्देशनवाद र अतिसिद्धान्तवादप्रति विरोध जनाएको देखिन्छ। यसरी नागरिक समाजले सबै प्रकारका विकृति र विसङ्गतिका विरुद्धमा परोक्ष रूपमा कार्य गरिरहेको हुन्छ।

## *समाज विकासका आयामहरू र नेपाल*

सामान्य अर्थमा आयाम भन्नाले लम्बाइ, चौडाइ, गहिराइ र उचाइलाई बुझाउँछ अथवा तल, माथि, दायाँ र बायाँ भनेर पनि बुझ्न सकिन्छ अथवा कुनै पनि वस्तु तथा सेवाले ओगटेको क्षेत्रलाई आयाम भन्न सकिन्छ। त्यस्तै समाज विकासका आयामहरूलाई पनि विभिन्न दृष्टिकोणबाट अर्थ्याउन सकिन्छ। समाज विकास भनेको बहुआयामिक अवधारणा हो। विकास

शब्दले सकरात्मक परिवर्तनलाई बुझाउँछ। विकास शव्दको प्रारम्भ दोस्रो विश्वयुद्ध पछाडि मात्र प्रचलनमा आएको हो। जब अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको विकास भयो, त्यसपछि मात्र विकास शब्दको प्रयोग व्यापक हुँदै गयो (मिश्र, २०६७, पृ. १२१-१२८)। विकासलाई समाज, संस्कृति, अर्थव्यवस्था, जाति, भाषा, धर्म, वर्ण लिङ्ग आदिसँग जोडेर हेर्न सकिन्छ। यी सबै पक्षहरूको प्रगतिलाई वास्तवमा विकास भन्न सकिन्छ। त्यसैले सामाजिक, आर्थिक, सांस्कृतिक आयामहरूको समग्र विकास नै विकास हो भन्न सकिन्छ। विकासको आधुनिक परिभाषामा एउटा देशले निर्धारण गरेको लक्ष्य र कार्यक्रमलाई मात्र विकास भन्ने गरेको छ। अतः विकास देशसँग जोडिएको हुन्छ। फेरि विकास भन्ने अवधारणा सापेक्षिक हुन्छ। डिफिडको मोडेलका आधारमा आजको अवस्थामा मानवीय विकास, आर्थिक विकास, भौतिक विकास, सामाजिक विकास र प्राकृतिक विकास आदिलाई जीविकोपार्जनको आधार मानिन्छ (डिफिड, २०००, पृ. ६-२६)। दिगो विकासको अवधारणा पनि विकाससँग सम्बन्धित महत्त्वपूर्ण धारणा हो। प्राकृतिक साधन र स्रोतले मानिसको जीविकोपार्जनमा प्रभाव पारिरहेका हुन्छन्। प्राकृतिक स्रोत र साधनहरूलाई भावी पुस्ताका लागि संरक्षण गरिदिने अवधारणको विकास भएको छ। दिगो विकासको अवधारणाअनुसार प्राकृतिक सम्पदाको प्रयोग र संरक्षणमा जनसहभागिताको आवश्यकता पर्दछ। यसले वातावरणीय सम्पदा तथा सामाजिक सम्पदालाई पुँजीका रूपमा लिन्छ। यिनीहरूको सन्तुलनमा जोड दिन्छ। दिगो विकासका आयाम भन्नाले पनि आर्थिक, सामाजिक सांस्कृतिक, राजनीतिक, मानवीय र प्राविधिक पक्षहरूलाई आयाम भनिएको छ। वैदेशिक रोजगारमा जाने युवाहरूलाई पनि सामाजिक विकासका आधार मान्न सकिन्छ। उनीहरूबाट प्राप्त विप्रेषणबाट आजको नेपालको अर्थतन्त्रलाई बलियो आधार प्रदान गरेको छ। अर्थतन्त्रको विकास नै सामाजिक विकासको आधार हो।

समाजको दिगोपना यस सन्र्दभमा समावेशी क्षेत्रमा लगानी वृद्धि गर्दा समाजको दिगोपना तथा समावेशितामा प्रभाव पर्दछ र यसैलाई नै सामाजिक विकास भन्न सकिन्छ। तल्लो तहबाटको विधि, सहभागिताको विकास विधि, स्वयं आत्मनिर्भर मोडेल आदिले सामाजिक विकासलाई उठाउन सक्छ। दिगो सामाजिक विकासका आयामहरू गरिबी न्यूनीकरण समावेशीकरण, सामाजिक क्षेत्रमा लगानी, सामाजिक विकासका आयामहरू सामाजिक समता, विविधतामा एकता, गुणस्तरीय सामाजिक जीवन, मानव अधिकार, सांस्कृतिक परम्परा आदि दिगो सामाजिक विकासका आयामहरू हुन्। सामाजिक विकासका लागि समुदायको अधिकार, गरिब र धनीबिचको अन्तरमा न्यूनीकरण गर्न सके मात्र सामाजिक क्षमतामा वृद्धि हुन्छ र समाज समुन्नत तथा विकसित हुन्छ।

## *समाज विकास र राजनीतिक प्रभाव*

नेपाल एउटा विशिष्ट प्राकृतिक, सामाजिक र सांस्कृतिक विशेषता तथा पहिचान बोकेको देश हो। यसको आफ्नै प्रकारको सामाजिक तथा सांस्कृतिक पहिचान छ। नेपाली समाज पूर्वीय दर्शनमा आधारित समाज हो। गङ्गानदीको दक्षिण खण्ड, ब्रह्मपुत्र नदीको उत्तर खण्डको बिचमा अवस्थित हिमवत्खण्ड नै पूर्वीय सभ्यताको उद्‌गम स्थल मानिन्छ। तर पूर्वीय सभ्यताभन्दा पूर्वी गोलार्द्धको सबै खण्ड पर्ने हुँदा यस क्षेत्रमा विकसित दर्शनलाई हिमाली दर्शन भन्न सकिन्छ (वैद्य,२०७६,पृ.३)। जहाँ विभिन्न ऋषिमुनि र आचार्यहरूले ज्ञानको केन्द्र बनाएका थिए। यही क्षेत्रबाटै हिमाली सभ्यताको विकास भएको पाइन्छ। वास्तवमा आजका दक्षिण एसियाका देशहरू नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का आदि यसै समाजभित्र पर्छन् (आचार्य, २०७५,

पृ. ३–८)। सामान्य प्रचलनमा पूर्वीय सभ्यता भन्नाले आध्यत्मिक चिन्तनमा आधारित समाज वा सभ्यता भन्न सकिन्छ। परम्परागत समाजका रीतिरिवाज तथा चालचलन आजको समाजमाभन्दा फरक थिए। मङ्गोल किरातको सामाजिक व्यवस्था पहिले मातृसत्तात्मक थियो । आज पनि कुनैकुनै स्थानमा यसको प्रभाव रहेको पाइन्छ। उदाहरणका रूपमा सन् १९४४ सम्म आसामको खसिया जातिमा पुरुषलाई भोट दिने अधिकार थिएन (शर्मा,२०४५,पृ.६९)। त्यस्तै सिक्किमको लाप्चे जातिमा विवाहपूर्व केटीले सिस्नो लाएर केटाको परीक्षा लिन्थे। त्यस बेला केटाको मुखबाट कुनै आवाज आए त्यो केटा विवाहयोग्य मानिदैनथ्यो (शर्मा,२०४५,पृ.६९)। नेपाल एकीकरणको समयमा खाना खाने स्थानमा शुद्ध वस्त्र पहिरेर खाना खान लागेका सैनिकमाथि शत्रुपक्षले आक्रमण गरेपछि पृथ्वीनारायण शाहले सैनिकले अब उप्रान्त जुन वस्त्र लगाएको छ; त्यही वस्त्र लगाएर खाना खाँदा पनि जात कायम रहने उर्दी जारी गरेका थिए। माथि उल्लेख भएका उदारहणहरू लामो समयपछि तिनै कुरा  चलन वा संस्कृति बने भने कतिपय कुराहरू लोप हुँदै गए। त्यस्तै सतीप्रथा, हलियाप्रथा, कमैयाप्रथाको अन्त्य धर्मनिरपेक्ष राज्य स्थापना आदिलाई सामाजिक परिवर्तनको महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ। यी सामाजिक परिवर्तनहरू विभिन्न अवस्थाका राजनीतिक घटनाहरूको प्रभाव थियो । यसरी विभिन्न समाज आफ्नै आधार र मूल्यमान्यतामा अगाडि बढिरहेका हुन्छन्। समाज विकासको क्रममा यो निरन्तर परिवर्तन हुँदै जाँदा आजको विकसित अवस्थामा आइपुगेको हो।

सामान्य अर्थमा राज्यशक्ति परिचालन गर्ने नीतिलाई राजनीति भनिन्छ। यो विचार र दर्शनमा आधारित भए तापनि यो देशको विकाससँग तथा नेतृत्वसँग जोडिएको हुन्छ । देशले आफ्नो लक्ष निर्धारण गर्दा र ती लक्ष्यहरू लागु गर्दा राजनीति अपरिहार्य हुन्छ। राजनीति नभए निर्णय प्रक्रियामा आम मानिसको प्रतिनिधित्व हुन सक्तैन । तर नेपालको राजनीतिमा प्रशस्त समस्याहरू छन् । नेपालको राजनीतिक परिवर्तनको अवस्थालाई नियाल्दा यो देश लामो समयदेखि केन्द्रीकृत एकात्मक शासन व्यवस्थाका रूपमा विकास हुँदै गयो । यस अवधिमा नेपाल किरातकाल, लिच्छविकाल, मल्लकाल, नेपाल एकीकरणकाल, राणाकाल, प्रजातान्त्रिककाल, एकदलीय पञ्चायतकाल, पुनः प्रजातान्त्रिककाल हुँदै लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थामा रूपान्तरण भयो। तर यी सबै राजनीतिक परिवर्तनको शासकीय चरित्र एकै किसिमको थिएन ( पौडेल र ढकाल, २०८०, पृ.१०५) । नेपालमा गणतान्त्रिक व्यवस्थाको स्थापना हुनुभन्दा अगाडि प्रत्यक्ष र परोक्ष रूपमा राजतन्त्रात्मक शासन व्यवस्था थियो।

नेपालमा माओवादी आन्दोलनको समावेशिताको मुद्दाले जात र जातिबिचको विभेदलाई सम्बोधन गर्दै प्रजातान्त्रिक राजनैतिक, सामाजिक संरचनातर्फ धकेल्ने काम गऱ्यो । नेपालमा अहिले पुँजीवादी सामाजिक सम्बन्धको अवस्था रहेको छ। अहिले नेपालका युवाहरू साउदी अरब, मलेसिया, कतार आदिमा पुँजीवादी सामाजिक सम्बन्धअन्तर्गत नै काम गरिरहेका छन् (मिश्र, २०७६,पृ.१०२)। यसरी विभिन्न अवस्थामा भएका राजनीतिक अवस्था र विभिन्न अवस्थामा तिनमा आएको परिवर्तनले सामाजिक रूपान्तरणमा निरन्तर प्रभाव पारिरहेको छ।

गणतान्त्रिक व्यवस्थाले नेपालको सामाजिक स्वरूपलाई केही परिवर्तन गरेको देखिन्छ । मूलतः ग्रामीण समाजमा जिम्मावाल, मुखिया, विचारी आदिको रवाफ थियो भने पछिल्लो राजनीतिक परिवर्तनले यसलाई समाप्त पारेको छ। अर्को महत्त्वपूर्ण पक्ष समावेशिता हो। यसले सबै जाति, भाषा, धर्म, वर्ण, लिङ्ग, दलित, आदिवासी, जनजाति आदि सबैलाई राज्यको मूल

प्रवाहमा समेटेको छ। यसले सबैको सामाजिक सम्मान वृद्धि गरेको छ। महिलाहरूको अधिकारका सवालमा पनि क्रमिकरूपले प्रगति हुँदै गएको छ। मानिसहरूको सम्बन्धबाट समाजको निर्माण तथा विकास हुन्छ। समाज अमूर्त अवधारणा हुनाले न यो देख्न सकिन्छ न यो छुन नै सकिन्छ; यो त अनुभुत मात्र गर्न सकिन्छ। समाज निरन्तर चलिरहने परिवर्तनशील प्रक्रिया हो। पृथ्वीको त्यस्ता स्थानहरू जहाँ मानव बस्तीहरूको सम्भावना रहेको छ, त्यहाँ समाजको पनि अस्तित्व रहेको हुन्छ। प्रत्येक समाजका आआफ्नै जीवनशैली, रहनसहन, धर्मपरम्परा रहेका हुन्छन्। यिनै कुराहरू निरन्तर दोहोरिरहँदा संस्कृतिको निर्माण हुन्छ।

कुनै पनि समुन्नत समाजको मापन गर्ने आधार भनेको त्यहाँका मानिसको जीवनस्तर कस्तो छ भन्ने कुरासँग जोडिएको हुन्छ। राज्यले प्रदान गरेका वस्तु तथा सेवा, मानिसमा रहेको सामाजिक सन्तुष्टि, खुसी, सुख तथा समृद्धि आदिसँग जोडिएको हुन्छ। सन् १९६० को दशकसम्म कुनै पनि देशको राष्ट्रिय आयलाई मुख्य सूचाङ्क मानिन्थ्यो भने वर्तमानमा मानव विकास सूचाङ्कलाई मान्ने गरिन्छ। यसरी समयको परिवर्तनसँगै समाज विकासका मापदण्डहरू पनि बदलिँदै जाने गर्दछन्।

कुनै पनि समाज आफैँमा पूर्ण हुँदैन। त्यस समाजमा बाहिरको प्रभाव स्वतः पर्दछ। नेपालको सन्दर्भमा हेर्दा भारतमा बेलायती उपनिवेशको प्रभाव रहुन्जेल नेपालमा पनि त्यसको प्रभाव थियो। फेरि सन् १९४७ मा भारत स्वतन्त्र भएपछि भारतको प्रभाव नेपाली समाजमा व्यापक रूपमा परिरहेको छ। त्यस्तै विदेशमा रोजगारमा जाने हुन् या अध्ययनमा उनीहरूबाट पनि बाहिरी समाज र संस्कृतिको प्रभाव परेको हुन्छ र त्यसको प्रभाव नेपाली समाजमा स्वतः पर्दछ। यो नितान्त स्वाभाविक कुरा हो। राजनीति र विकास पृथक् कुरा होइनन्। विकास भनेको प्राविधिक, आर्थिक, सांस्कृतिक साथै राजनीतिक प्रक्रिया पनि हो (मिश्र, २०६७,पृ.१२८)। नेपालको राजनीतिक परिवर्तनमा पनि प्रत्यक्ष तथा परोक्ष रूपमा भारतको प्रभाव परेको देखिन्छ। वि.सं. २००७, २०४६ र २०६२/०६३ सालका जनआन्दोलहरूको अन्तिम निष्कर्षमा भारतीय प्रभाव रहेको पाइन्छ। यसरी नेपालको राजनीतिक परिवर्तनमा मौलिकपनको अभाव देखिन्छ। यी सबै पक्षहरूको प्रभाव नेपाली समाजमा प्रत्यक्ष्य रूपमा परेको छ।

समाज परिवर्तन बहुआयामिक प्रकृतिको हुन्छ। समाज परिवर्तन राजनीतिक परिवर्तनजस्तो सङ्गठित शक्तिहरूको योजनाबद्ध आन्दोलनबाट आकस्मिक रूपमा हुने होइन। यो त क्रमिकरूपले विस्तारै परिवर्तन हुने कुरा हो। समाजमा यसको प्रभाव पनि क्रमशः नजानिदो ढङ्गले देखा पर्दै जान्छ। राजनीतिमा जस्तो परिवर्तन पछाडि संविधानको निर्माण तथा सरकारको गठनजस्तो हतारो हुँदैन। तसर्थ राजनीतिले सिङ्गो समाजलाई डोऱ्याउने भए पनि समाज विकासको मूल आधार भनेको समयअनुसारको निरन्तरतामा हुने परिवर्तन हो।

प्रत्येक समाजको विकासमा त्यहाँ विद्यमान राजनीति र यसका सञ्चालकहरूको सोच, गतिविधि र तौरतरिका तथा विधिव्यवहारले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। राजनीति र समाज विकासको गति एउटै अवस्थामा अगाडि बढेको हुँदैन। राजनीतिले समाजलाई दिशानिर्देश गरिरहेको हुन्छ। राजनीति सही मार्गमा छैन भने समाजले खबरदारी गरिरहेको हुन्छ। तर पनि समाजमा विभिन्न विकृति र विसङ्गति देखा परिरहेका हुन्छन्। नेपाललाई राजनीतिक प्रभावको आधारमा मोटामोटी रूपमा गणतान्त्रिक कालको समाज र गणतन्त्रपूर्वको समाज गरेर दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ।

## *गणतन्त्रपूर्वको नेपाली समाज*

नेपाली समाज किरातकाल, लिच्छविकाल,

मध्यकाल आदि विभिन्न कालखण्ड हुदै गुज्रिएको छ। तत्कालीन समाज सामन्ती अर्थव्यवस्थामा आधारित थियो। यस अवस्थामा समाजका परिवर्तन पनि मन्द गतिमा भइरहेका थिए। ससाना राज्यहरूमा खण्डित नेपाललाई तत्कालीन राजाहरूले पश्चिममा काँगडा र पूर्वमा टिष्टासम्म सीमा विस्तार गरेका थिए। नेपालको एकीकरण पनि त्यस्तै सीमा विस्तारको अभियान थियो। नेपाल र अङ्ग्रेज युद्धपछि फेरि नेपालको सीमा सन् १८१६ मा भएको सुगौली सन्धिले खुम्च्यायो।

सामाजिक दृष्टिकोणले राणा शासनकाल सामन्तवादी समाजमा आधारित थियो। समाजमा ठुलाठालुहरूको गहिरो प्रभाव र रवाफ थियो। ग्रामीण समाजमा जिम्मावाल, मुखिया, विचारीहरूको गहिरो प्रभाव थियो। उनीहरूका अगाडि सर्वसाधारणले बोल्ने साहस गर्दैनथे। सन्१९५० भन्दा अगाडि ग्रामीण समाजमा जीविकोपार्जनको आधार कृषि र पशुपालन व्यवसाय थियो। यो कृषि तथा पशुपालन व्यवसाय निर्वाह प्रकृतिको थियो। पहाडी प्रदेशमा बसोबास गर्ने आम समुदायहरू पाखो बालीमा दु:खसुख जीविकोपार्जन गर्दथे। पहाडी क्षेत्रको जनसङ्ख्या बढ्दै जाँदा जीविकोपार्जनमा समस्या थपिदै गए। विशेष गरेर दलित समुदाय र गरिब परिवारलाई जीविकोपार्जनमा समस्या बढ्दै गए।

यही अवस्थामा सरकारीस्तरबाट तराई प्रदेशको जङ्गल फाडेर बसोबास व्यवस्थापनको लहर चल्न थाल्यो। यसपछि पहाडी भूभागबाट तराईतर्फ बसाइँ सर्ने प्रक्रिया तीव्र हुँदै गयो। यसले तत्कालीन नेपाली समाजमा नयाँ परिस्थिति सृजना गऱ्यो। अर्को यसै समयमा लाहुरे प्रवृतिको सुरुवात भयो। बृटिस गोरखाभर्ती केन्द्र खुलेपछि नेपाली समाजमा लाहुरे संस्कृतिको विकास भयो। यसले केही परिवारलाई जीविकोपार्जनमा सहयोग गऱ्यो। यो प्रचलन नेपाली समाजमा आजसम्म पनि कायमै रहेको छ। विदेश जाने प्रचलन नेपाली समाजमा संस्कृतिको रूपमा नै विकसित भएको छ। २००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा बहुदलीय प्रणालीको स्थापना भएकाले विभिन्न दलहरूको जन्म भयो। तत्कालीन समाजमा राणा शासनको अन्त्य भए पनि सामाजिक रूपान्तरणसँग सम्बन्धित खासै महत्त्वपूर्ण काम भएन। समाजमा चाकडी प्रथा कायमै थियो।

## *गणतान्त्रिक कालको समाज*

समाज गतिशील हुन विचारमा पनि गतिशीलताको आवश्यकता रहन्छ। गतिशील समाजलाई राजनीतिक नेतृत्वले परिचालन गर्दा परिवर्तनको गति पनि तीव्र हुन्छ। नेपालमा गणतन्त्र स्थापनामा माओवादी आन्दोलन र सात दलहरूको परिवर्तनकारी भूमिकाका साथसाथै विश्वव्यापीकरणले युवाहरूमा आएको परिवर्तनले महत्त्वपूर्ण भूमिका खेलेको छ। यसले परम्परागत रूपमा जरो गाडेका सामाजिक संरचनाहरूको पुनः संरचना गरेको छ। नेपाली समाजमा परम्परागत रूपमा सञ्चालमा रहेको कृषि तथा पशुपालन व्यावसायले मात्र जीविकोपार्जन हुन सकेन। वैकल्पिक पेसाको खोजीमा मानिसहरू विभिन्न स्थानमा जान थाले। यसले संयुक्त परिवार प्रथामा रहेर सबै परिवारका सदस्यहरूसँग रमाइलो गरे। काम गर्ने प्रचलन फितलो बनायो। परम्परागत रूपमा चल्दै आएका धार्मिक पूजाआजाका प्रचलन पनि एकै स्थानमा नरहेपछि स्वतःकमजोर हुँदै गए। यसले सामाजिक सम्बन्धहरू फितलो बनाउदै लग्यो। सूचना र सञ्चार जगत्को असीमित विकासले छट्टै साइबर समाजको विकास भयो। युवा पुस्ताहरूमा आफ्नो बासस्थान छोड्न कति पनि गाह्रो परेन। वैदेशिक रोजगारका लागि होस् या अध्ययनका लागि होस्, उनीहरू सजिलै बाहिरिने प्रवृत्ति व्यापक हुँदै गयो। यसले व्यापक रूपमा सामाजिक परिवर्तनका लागि आधार तयार गऱ्यो। यी र यस्तै

विचारहरूले पनि गणतन्त्रका लागि सामाजिक पृष्ठभूमि तयार भएको मान्न सकिन्छ।

### *आजको नेपाली समाजमा परिवर्तन, प्रचलन र अभ्यास*

हामीले कुरा गरिसकेका छौँ कि समाज गतिशील हुन्छ । यो गतिशील समाजमा परिवर्तन पनि निरन्तर भइरहेको हुन्छ। आजको विश्वव्यापीकरणको प्रभाव र देशको राजनीतिक अवस्थाले समाज परिवर्तन भइरहेको हुन्छ। समाज परिवर्तन सकारात्मक तथा नकारात्मक दुवै दृष्टिकोणले हुन सक्तछ। समाजलाई दिशानिर्देश गर्ने राजनीति भएकाले राज्यव्यवस्था सही ढङ्गले सञ्चालन भएको छ भने समाज पनि सही ढङ्गले चलिरहेको हुन्छ। नेपालको सामाजिक अवस्था हेर्दा पहिरनमा पनि परिवर्तन भएको देखिन्छ। हिजो साडी चोलो लगाउने धेरैजसो महिला अहिले कुर्था सलवार, प्यान्ट आदि लगाउँछन्। आजभोलि साडी चोलो प्रायः धार्मिक तथा सांस्कृतिक कार्यहरूमा प्रयोग भएको पाइन्छ। अंशमा समान अधिकारले महिलाको आर्थिक अधिकारमा परिवर्तन भएको छ। समाजमा छोरीको स्थान उच्च रहेको छ। यसले सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको छ।

आजको नेपाली समाजमा व्यक्तिवादी विचार चरम हावी भएको छ। यसले सामाजिक विचारलाई अलिक फितलो पारेको छ । अर्को अर्थमा पूर्वीय सभ्यताभन्दा पश्चिमी सभ्यताको प्रभाव हाम्रोजस्तो समाजमा परिरहेको छ। अझ भनौं पश्चिमी सभ्यतालाई नै आधुनिक सभ्यता भनेर बुझ्ने गरिएको छ। वास्तवमा पश्चिमी सभ्यता र आधुनिक सभ्यता आफैँमा फरक कुराहरू हुन् ।

नेपालको सांस्कृतिक एवं सामाजिक जीवनमा पनि भारतीय प्रभाव प्रत्यक्ष रूपमा परेको देखिन्छ। नेपालको वैवाहिक संस्कारमा हल्दीमेहन्दीको प्रभाव पहिला थिएन। आजभोलि यो प्रचलन नेपाली समाजमा व्यापक हुँदै गइरहेको छ । समाजमा भड्किलोपन बढ्दै गएको छ। आजभोलि विकसित हुँदै गएको साइबर समाज पनि अर्को विकृतिको कारक तत्त्व हो। जन्म दिवस, प्रणय दिवस, वैवाहिक वर्षगाठ मनाउने प्रचलन आजभोलि व्यापक रूपमा देख्न सकिन्छ। जबकि यी कुराहरूको प्रचलन हुन थालेको त्यति लामो समय भएको छैन। नेपालमा दाइजो प्रथा पनि बिस्तारै कमजोर बन्दै गइरहेको भए पनि गहनाहरूको प्रयोगको दर बढ्दै गइरहेको देख्न सकिन्छ। पार्टी प्यालेसहरूमा ठुलाठुला भोजको आयोजना हुने गर्दछ। यसरी समाजमा नयाँनयाँ रीतिरिवाजको प्रचलन बढ्दै गइरहेको छ। यिनै कुराहरू नयाँ संस्कृतिका रूपमा विकसित हुँदै गएका छन्। के ठिक के बेठिक भन्ने कुरा अलग हो। अहिले नेपाली समाजमा चुरोट पिउने प्रचलन घटेको छ। पहिलाजस्तो चुरोटको पकेट खल्तीमा राखेर पिउने प्रवृत्तिमा परिवर्तन भएको छ। क्यारम बोर्ड, क्रिकेट, फुटबल खेलप्रति आजको पुस्ता निकै आकर्षित छ। अन्तरसञ्जालको बढ्दो प्रयोगले सहरमा बस्ने केटाकेटीहरूमा फ्रिफायर, पब्जीजस्ता खेलहरूको प्रचलन बढेको छ। तर ग्रामीण समाजमा यी अभ्यासहरूको प्रचलन त्यति छैन। तर ग्रामीण समाजमा सहर प्रवेश गरेको छ । त्यहाँको स्थानीय उत्पादन कोदो, फापर, मकै, मोही, भटमास आदिको परिकार बनाएर खानुको सट्टा चाउचाउ, बिस्कुट, बजारको चिउरा, पाउरोटी, चिजबल आदिको प्रयोग बढेर गएको छ । यसले ग्रामीण पहिचानलाई आझेलमा पारेको देखिन्छ।

### *सामाजिक समस्याहरूको पहिचान एवं विश्लेषण*

आम समाजले अस्वीकार गरेका वा समाजले नपचाएको, सामाजिक विकासको अवरोधलाई सामाजिक समस्या भनिन्छ। आजको नेपाली समाजमा दुई प्रकृतिको

समाजको अस्तित्व रहेको छ। एउटा परम्परागत समाज र अर्को आधुनिक समाज। पुरानो पुस्ताले पुरातनवादी विचार त्याग्न सकेको छैन भने नयाँ पुस्ता आधुनिकताको नाममा पश्चिमी जीवनशैलीलाई अँगालेको छ। यो पुस्ता आफ्नो मौलिकपनबाट विमुख भएको छ। नेपाली समाज पुरातनवादी विचारबाट विकसित भएकाले पुराना आदर्शहरूको प्रभाव आज पनि छ। यसको प्रभावका अवशेषहरू आजको नेपाली समाजमा समस्याको रूपमा कायमै छन्। रूढिवादी परम्परा र संस्कृति, सामाजिक विभेद, छाउपडीप्रथा, देउकीप्रथा, झुमाप्रथा, छुवाछुतप्रथा आदि पुरातनवादी विचारबाट विकसित सामाजिक समस्याहरू हुन्। भ्रष्टाचार, मानव बेचबिखन, यौन विकृति र विसङ्गति, घरेलु हिंसा, गरिबी, रातारात धनी बन्ने चाहना, विलासी जीवनशैली, भड्किलो सामाजिक संस्कार व्यक्तिगत सम्पत्तिको सम्मान गर्ने गलत प्रवृति, विकास योजना समयमा सम्पन्न नहुने वैदेशिक सहयोगमा कमी आदि सामाजिक र राजनीतिक कारणले उत्पन्न सामाजिक समस्याहरू हुन्।

नेपालको राजनीतिक अस्थिरता, कमजोर लोकतन्त्र, राजनैतिक प्रतिबद्धताको अभाव आदिले सामाजिक समस्या बढेका छन्। सामाजिक समस्याहरूले विभिन्न प्रकारका सामाजिक असर देखा परेका छन्। मानिसमा निराशा हुने र नहुनेबिचको विभेद, जसरी हुन्छ धन कमाउने संस्कृतिको विकास, भड्किलो जीवनशैलीले महत्त्व पाउने अवस्था, आर्थिक असमानता, साइबर समाजमा देखापरेका विकृति आदि सामाजिक समस्याका असरहरू हुन्।

नेपालको अर्थतन्त्र र सामाजिक बनोटमा भएका समस्या राजनीतिक परिघटनासँग मात्र जोडेर हेर्न मिल्दैन। समाज, संस्कृति, वातावरण, भौगोलिक प्रभाव, भौगोलिक सीमा, अर्थव्यवस्थालगायतका विषयहरू समावेश भएका हुन्छन्। मानिसको आम प्रवृत्ति पनि जिम्मेवार मान्न सकिन्छ। राजनीतिलाई सही दिशानिर्देश गर्न विकासको अवधारणा महत्त्वपूर्ण मानिए तापनि राजनीतिक नेतृत्वको आडभरोसामा विकास देखाएर जनतालाई गुमराहमा पार्ने प्रवृतिको विकास भएको पाइन्छ। यसलाई पनि आजको नेपाली समाजको प्रमुख समस्याका रूपमा लिन सकिन्छ।

## *निष्कर्ष*

नेपाली समाजमा पुरातनवादी विचारको अवसान र नवीन विचारहरूको विकासको क्रममा निरन्तरता देखिन्छ। प्राचीन समयदेखि नै नेपालको राजनीति र सामाजिक चालचलनमा भारतीय प्रभाव पर्दै आएको छ। समाजलाई दिशानिर्देश गर्ने महत्त्वपूर्ण तत्त्व राजनीति हो। नेपालमा विभिन्न समयमा महत्त्वपूर्ण राजनीतिक आन्दोलन भए तापनि ती आन्दोलनहरूको नेतृत्वले त्यसको उचित व्यवस्थापन गर्न नसकेकाले नेपालका युवाहरूमा मुलुकप्रति नै वितृष्णा सृजना गरेको अवस्था हो। त्यसैले आजको नेपाली समाजका युवाहरू मुलुकबाहिर रोजगारको खोजीमा भौतारिएको अवस्था छ। समुन्नत समाज निर्माण गर्ने युवाशक्तिको ठुलो हिस्सा बाहिरिएपछि न त मुलुकको आर्थिक विकास हुन्छ न त नेपालीपनको सामाजिक विकास नै हुन्छ। त्यसैले समुन्नत समाज निर्माणमा राजनीतिक शक्ति नै जिम्मेवार रहने हुनाले राजनीतिको मूलप्रवाहले समाज परिवर्तनबाट हरेक नागरिकहरूमा सामाजिक भावना, देशप्रेम समाजमा स्थापित मूल्यमान्यताहरूको संरक्षण तथा विकासमा ध्यान दिनुपर्ने आजको आवश्यकता रहेको छ। समाजमा उत्पन्न विकृति र विसङ्गतिहरूको अन्त्य गर्न र सभ्य समाजको निर्माणमा राजनीतिले नै महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। त्यसका लागि नेतृत्वबाट नै प्रारम्भ गर्नु आवश्यक छ। नेपाली समाजलाई समुन्नत बनाउन राजनीतिक पार्टीहरूले आफ्नो दलहरूमा भ्रष्ट आचारण भएका व्यक्ति, व्यापारी, ठेकेदार कम्पनीका मालिकहरूको स्वार्थसँग मिल्नेहरूलाई पार्टीमा स्थान नदिएपछि समाजमा राम्रो

सन्देश प्रवाह हुन्छ । उनीहरूलाई पार्टीहरूले संरक्षण नगर्दा समाजमा पार्टीप्रतिको विचारमा परिवर्तन आउँछ। यसो हुन सके समुन्नत समाज निर्माणमा सहयोग पुग्ने देखिन्छ।

राजनीतिक परिवर्तनले मात्र समाजका विभिन्न आयामहरूको विकास हुने होइन। यसका लागि समाजका विभिन्न आयामहरूको विकास हुने राजनीतिक विचार, योजना र त्यसको उचित व्यवस्थापन एवं कार्यन्वयनको आवश्यकता पर्दछ । समाजका युवाहरूको विश्वास जित्न सक्ने प्रकृतिको कार्यक्रम चाहिन्छ । यसले नेपालबाट अन्य देशहरूमा पलायन हुने ठुलो युवाशक्तिलाई स्वदेशमा नै विकास निर्माणमा स्थापित गराउँछ। उन्नत समाज निमार्णका लागि राजनीतिको समुचित व्यवस्थापन हुन सके देशको समष्टिगत विकासमा योगदान पुग्ने छ। त्यसका लागि मूलधारका राजनीतिक शक्तिहरूले सोच्न जरुरी छ।

## *सन्दर्भ सामग्रीहरू*


आचार्य, देवीप्रसाद (२०७५). *नेपालको यथार्थ इतिहास.* काठमाडौ : मभुुवा प्रिन्टिङ प्रेस।

डीफीड (२०००). सस्टेनेवल लाबलीहुडस् गाइडयान्स सिट. डिपार्टमेन्ट फर इन्टरनेसनल डेभलपमेन्ट।

दाहाल, देवराज र बोन्गार्ज, हेन्ज (२०५४). *विकास अध्ययन.* काठमाडौ : नेपाल फाउन्डेसन फर एडभान्स स्टडिज (नेफास)।

पौडेल, देवीप्रसाद र ढकाल, भोलानाथ (२०८०). *नेपाल अध्ययन.* काठमाडौं : सनलाइट पब्लिकेसन।

विष्ट, डोरबहादुर (२०२०). *भाग्यवाद र विकास : आधुनिकीकरण हेतु नेपालको जमर्को (अनुदित).* ललितपुर : डोरबहादुर विष्ट परिवार।

वैद्य, मोहन (२०७६). *हिमालीदर्शन* (दोस्रो संस्करण). काठमाडौ : शमी साहित्य प्रतिष्ठान।

मिश्र, चैतन्य (२०७६). *लोकतन्त्र र आजको मार्क्सवाद.* काठमाडौ : बुकहिल पब्लिकेसन।

मिश्र, चैतन्य (२०६३). *पुँजीवाद र नेपाल* (दोस्रो संस्करण). काठमाडौ : मूल्याङ्कन प्रकाशन गृह प्रालि।

मिश्र, चैतन्य (२०६७). *बदलिँदो नेपाली समाज.* काठमाडौ : फाइनप्रिन्ट आइएनसी।

रोष्टो, डब्लु. डब्लु.(सन्.१९७१). *द स्टेज अफइकोनोमिकग्रोथ* (दोस्रो संस्करण). अमेरिका : क्यामरिज युनिभर्सिटी प्रेस।

शर्मा, जनकलाल (२०४५). *हाम्रो समाज : एक अध्ययन.* काठमाडौ : मञ्जरी पब्लिकेसन।